# “बैदेशिक रोजगार बचतपत्र २०७३” (५ वर्षे) को बिक्री खुला अवधि थप भएको सम्वन्धमा सूचना

नेपाल सरकारको “बैदेशिक रोजगार बचतपत्र २०७३”(५वर्षे) मिति २०६७।१२।२७ गतेदेखि मिति २०६८।२।२३ गतेसम्म दक्षिण कोरिया, मलेसिया, संयुक्त अरव इमिरेट्स, साउदी अरेविया र कतारमा रोजगारीमा संलग्न नेपाली नागरिकहरुले आफू तथा आफ्नो परिवार (आमा, बाबु, श्रीमती तथा छोराछोरी)का नाममा खरिद गर्न पाउने गरी बिक्री खुला गरी निष्कासन गरिएकोमा बचतपत्रको बिक्रिको स्थितिलाई मध्यनजर राखी अन्य व्यवस्थाहरु यथावत् कायम राखी उक्त बचतपत्रको बिक्री खुला अवधि थप गरी निष्कासन मिति तथा भुक्तानी मिति श्रीमान् गभर्नरज्यूबाट देहाय वमोजिम संशोधन गर्न स्वीकृति प्राप्त भएकोले सोही अनुसार बचतपत्रको खरिद बिक्रीको कारोवार गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

क) बिक्री खुला रहने अवधि : २०६७।१२।२७ देखि २०६८।०३।०७ सम्म ।
तदनुसार २०११ अप्रिल १० देखि २०११ जुन २१ सम्म ।

ख) निष्कासन मिति : २०६८।०३।१२ गते आइतवार ।

ग) भुक्तानी मिति : २०७३।०३।१२ गते आइतवार ।